आज मिति ०७५ साल असोज २६ गते शुक्रवारका दिन यस मेचीनगर नगर कार्यपालिकाको वैठक कार्यपालिकाका प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा वस्यो :

<u>उपस्थिति</u>

| | |
|---|---|
| नगर प्रमुख | : श्री विमल आचार्य |
| नगर उपप्रमुख | : श्री मिना उप्रेती |
| वडा नं. १ अध्यक्ष | : श्री पासाङ्ग तामाङ्ग |
| वडा नं. २ अध्यक्ष | : श्री तिलक न्यौपाने |
| वडा नं. ३ अध्यक्ष | : श्री हर्क वहादुर वस्नेत |
| वडा नं. ४ अध्यक्ष | : श्री नविन वराल |
| वडा नं. ५ अध्यक्ष | : श्री योगेन्द्र थापा मगर |
| वडा नं. ६ अध्यक्ष | : श्री ललितवहादुर तामाङ्ग |
| वडा नं. ७ अध्यक्ष | : श्री चन्दन मेचे |
| वडा नं. ८ अध्यक्ष | : श्री विकेन्दकुमार धिमाल |
| वडा नं. ९ अध्यक्ष | : श्री गोपाल खडका |
| वडा नं. १० अध्यक्ष | : श्री सुवेशकुमार पनेरु |
| वडा नं. ११ अध्यक्ष | : श्री सन्तोष कुमार मेचे |
| वडा नं. १२ अध्यक्ष | : श्री नरेन्द्र धिमाल |
| वडा नं. १३ अध्यक्ष | : श्री कृष्ण सिग्देल |
| वडा नं. १४ अध्यक्ष | : श्री शंकरप्रसाद पोखरेल |
| वडा नं. १५ अध्यक्ष | : श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : श्री कृष्ण कनाल |
| कार्यपालिका सदस्य | : श्री टिकाराम सार्की |
| कार्यपालिका सदस्य | : श्री पूर्ण मेचे |
| कार्यपालिका सदस्य | : श्री विन्दा प्रसाई |
| कार्यपालिका सदस्य | : श्री कुश्मीकुमारी चौधरी |
| कार्यपालिका सदस्य | : श्री लक्ष्मी पाख्रिन तामाङ्ग |
| कार्यपालिका सदस्य | : श्री रुपा गुरुङ्ग |
| कार्यपालिका सदस्य | : श्री निर्मला परियार |
| प्रमुख प्रशासकिय अधिकृत | : श्री महेन्द्रकुमार खाम्याहाङ्ग |

<u>आमन्त्रित</u>

**निर्णय नं. १:**

मेचीनगर नगरपालिकाको आ.व. ०७५/०७६ को आन्तरीक श्रोत तर्फको पूर्वाधार उपभोग सेवा शुल्कको वोलपत्र फारमको वुदा नं. २० मा "वार्षिक सवारी दर्ता भएका सवारी साधनमा सार्वजनिक निर्माण उपभोग शुल्क लिन पाइने छैन । सार्वजनिक निर्माण उपभोग शुल्कको हकमा नगरपालिकामा वार्षिक उठेको रकमवाट सवै पटके ठेक्काको रकमका अनुपातमा दामासाहीले अन्तिम किस्ता मिलान गरिनेछ । " भन्ने व्यवस्था भएकोमा अव उप्रान्त यस्तो नहुने गरी एक पटकका लागि आगामी नगर सभावाट फिर्ता खर्च शिर्षकमा रकम व्यवस्था गरी वोलपत्र फारमको वुदा नं. २० वमोजिमको रकम सम्वन्धित ठेकेदारलाई फिर्ता गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २:**

मेचीनगर नगरपालिका वडा नं. ६ स्थित देवकोटा पार्क संचालन गर्ने र सो पार्क भित्र १० वर्ष सम्मका वालवालिकालाई निशुल्क प्रवेशको व्यवस्था गरी अन्यको हकमा पार्क प्रवेश शूल्क रु. १०/- लिने निर्णय गरीयो । साथै साविक स्वयम् सेवीको रुपमा कार्यरत व्यक्तिलाई दैनिक हाजिरीमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

मेचीनगर नगरपालिकाको आ.व. ०७५/०७६ को स्वीकृत वार्षिक वजेट, नीति तथा कार्यक्रममा रहेको जनता आवास योजना भवन निर्माण साझेदारी शिर्षकवाट मेचीनगर नगरपालिका, Human habitat for Humanity नेपाल र साहारा नेपाल तथा साहारा (साकोष) को त्रिपक्षीय साझेदारीमा सम्झौता गरी मेचीनगर नगरपालिका क्षेत्र भित्र उपयुक्त स्थान छनौट गरी जनता आवास कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:**

मेचीनगर नगरपालिकाको आ.व. ०७५।०७६ को स्वीकृत वार्षिक वजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेका कृषि मण्डी लगायतका दीर्घकालिन योजना संचालनका प्रस्तावित गरिएका संभाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन अविलम्व तयार गरी आयोजना लागतको रकम ऋण र अनुदानको रुपमा उपलब्ध गराउन नगर विकास कोष काठमाण्डौंमा सिफारिस गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:**

मेचीनगर नगरपालिका वडा नं. ६ साविक नकलवन्दा गा.वि.स.को कार्यालय भवन रहेको स्थानमा निर्माण भएको सटर भवनको न्यूनतम भाडा दर प्रति सटर कोठा रु. १,०००। ( अक्षेरुपी एक हजार मात्र ) कायम गरी भाडाका लागि साविक झैं सूचना प्रकाशन गर्ने र भाडाका लागि साविकमा उक्त उक्त स्थानमा वसेकालाई प्राथामिकता दिने निर्णय गरीयो ।

**निर्णय नं.६ :**

नेपालीहरुको महान चाड दशै, तिहार र छैठ पर्वको सन्दर्भमा भन्सार नाकावाट अखाद्य, खाद्य वस्तुहरु प्रवेश गर्ने र सिमा सुरक्षा जाँचको सन्दर्भमा आम नगरवासीले दुःख समेत पाउने संभावनालाई मध्यनजर गर्दै नगरपालिकाको तर्फवाट भन्सार चेकजाँचमा टोली वनाई अनुगमन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७**

मेचीनगर नगरपालिका क्षेत्र भित्र वहने निन्दा, टिमाई, हडिया र मेची नदीमा खोला कर उठाउन वडा समितिको निर्णय वमोजिम खटाइएका कर संकलकको दैनिक ज्यालादारी नेपाल सरकारको मिति ०७५/४/३१ प्रकाशन भएको राजपत्र वमोजिम निर्धारित दैनिक आधारभूत पारिश्रमिक ३२५-। र महङ्गी भत्ता रु. १९२-। गरी जम्मा रु. ५१७- रकम कायम गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ८**

यस मेचीनगर नगरपालिका वडा नं. ४ र वडा नं. १५ मा निम्न प्रयोजनका लागि कार्य गर्दै आएका निम्न कर्मचारीहरुसँग निम्न मासिक पारिश्रमिक निर्धारण गरी सम्झौता गर्ने निर्णय गरीयो :-

| क्र.सं. | विवरण | कार्य क्षेत्र | मासिक पारिश्रमिक |
|---|---|---|---|
| १ | रिना कुमारी यादव | | साविक वमोजिम |
| २ | कोपिला भट्टराई | | साविक वमोजिम |
| ३ | पुष्पा पराजुली | | साविक वमोजिम |
| ४ | नारायण आले | वजार सरसफाई | ५,०००/०० |

**निर्णय नं. ९**

यस नगरपालिकाका सुपरभाइजर भवानी प्रसाद तिम्सिना व्रेन हेमरेज भै स्वास्थ्य उपचारको क्रम मै रहेकोमा निजलाई आ.वं. ०७५/०७६ को स्वीकृत औषधी उपचार निवृत कर्मचारी शिर्षकबाट रु. ५०,०००/- (अक्षेरुपी रु. पचास हजार मात्र ) मात्र विशेष आर्थिक सहायता दिने निर्णय गरीयो ।

**निर्णय नं. १० :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिम गठित स्थानीय राजस्व परामर्श समितिमा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य श्री निर्मला परियारको स्थानमा कार्यपालिका सदस्य श्री लक्ष्मी पाखिन तामाङ्ग लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस नगरपालिकाको आ.वं. ०७५/०७६ को स्वीकृत आर्थिक ऐनमा विज्ञापन करको दरमा निम्न शिर्षक छुट भएको हुँदा राजश्व परामर्श समितिको शिफारीशका आधारमा आगामी नगरसभावाट अनुमोदन हुने गरी स्वीकृत गर्ने निर्णय गरीयो :-

निम्न

वाल पेन्टिङ्ग रु. १० ।- प्रति वर्ग फिट

होडिङ्ग वोर्ड (विज्ञापन पाटी ) - रु २५ । - प्रति वर्ग फिट

**निर्णय नं. १२:**

राजस्व परामर्श समितिको शिफारीश वमोजिम नगरपालिका क्षेत्र भित्रका खोलाहरुमा माछा मार्ने प्रयोजनका लागि आ.व. ०७५/०७६ मा वार्षिक ठेक्का अंक रु. २०,०००/- ( अक्षेरुपी रु वीस हजार मात्र ) कायम गरी र मेचीनगर नगरपालिका वडा नं १३ चारआली स्थित सार्वजनिक शौचालयका वार्षिक ठेक्का अंक रु. १,००,०००/०० कायम गरी ठेक्का लगाउने निर्णय गरीयो ।

**निर्णय नं. १३**

मेचीनगर नगरपालिका वडा नं. १५ मा रहेको काञ्जी हाउस वडा समितिको निर्णय समेतका आधारमा साविक अङ्कमा नै ठेक्कामा लगाउने निर्णय गरीयो ।

**निर्णय नं. १४:**

निन्दा खोला र टिमाई खोलावाट खोलाजन्य सामाग्री ढुंगा/गिट्टि/वालुवा उठाउँदा लगाईने खोला करको मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिका वीचमा बाँडफाँडको प्रतिशत टुंग्याउन नगर प्रमुख तथा उप-प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १५:**

मेचीनगर नगरपालिका भित्र वग्ने नदीहरुवाट नदीजन्य खनीज पदार्थ उत्खनन् गरि विक्री वितरण गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणिय परिक्षण गर्ने कार्यको लागि नियुक्त (IEE ) परामर्श दातृ संस्थावाट प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन कार्यालयमा पेश भई सो प्रतिवेदन जिल्ला समन्वय समिति झापा वाट स्वीकृत भएको हुँदा प्रतिवेदनमा उल्लेख भएको परिमाणको विक्रि वितरणको लागि E-bid मार्फत टेन्डर आहवान गर्ने निर्णय गरियो । साथै नगरपालिकाको गाडि र पत्रवाहक उपभोक्ता समितिलाई उल्लेखित खोला कर नलिन समेत शर्त राखी टेण्डर आहवान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

नाजरिन परोपकार सेवा ( नापसे ) नेपालले यस नगरपालिका क्षेत्र भित्र खाद्य सूरक्षा कार्यक्रम संचालन भै रहेको र सो को शिफारीश माग गरेकोमा कार्यक्रम संचालन स्वीकृति सहितको अनुमति सिफारीश दिने निर्णय गरियो ।

**निर्णय नं. १७:**

नेपालीहरुको चाड विजयादशमीको सन्दर्भमा विगत देखिनै दुर्गा पूजाका लागि रकम उपलब्ध गराउँदै आएकोमा यस वर्ष समेत आ.व.०७५/०७६ को स्वीकृत वार्षिक वजेट, नीति तथा कार्यक्रमको विविध शिर्षकवाट विल भर्पाईका आधारमा फर्स्योट हुने गरी निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरीयो ।

**निम्न:**

दुर्गामन्दिर नकलवन्दा, मेचीनगर वडा नं. ५ -रु. २५,०००।

दुर्गामन्दिर धुलावारी, मेचीनगर वडा नं ९ -रु ३५,०००।

वडा भित्र रहेको दुर्गा पूजा गरिने मन्दिरहरुका लागि प्रति वडा -रु. १५,०००।

**निर्णय नं. १८ :**

मेचीनगर नगरपालिका वडा नं. १० को सुवास राज काफ्ले सहितको नाममा रहेको साविक कि.नं. ६२ को जग्गा प्लानिङ्ग सम्वन्धमा मिति ०७५/६/१२ को निर्णय नं. १० वाट नगरपालिकाले स्वीकृत गरेको प्लानिङ्गमा राखिएको ज.वि. ०-५-१८ खुल्ला क्षेत्रका सम्वन्धमा जग्गा धनि सुवास राज काफ्लेलाई खुल्ला क्षेत्र निर्धारण गरिएको क्षेत्रफल वरावरको जग्गा सो प्लानिङ्ग क्षेत्रमा नै उपलब्ध गराउन वा अन्य विकल्प भए सो को प्रस्ताव नगरपालिकामा पेश गर्न अनुरोध गर्ने र सुवासराज काफ्लेको जग्गाको घरबाटो प्रमाणित सिफारीश सम्वन्धमा मेचीनगर नगरपालिका वडा नं. १०, वडा कार्यालयले पेश गरेको निवेदनको सम्वन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (२) को खण्ड( ङ) एवं नयाँ मुलूकी देवानी ( संहिता) ऐन, २०७४ को परिधि भित्र रही गर्ने निर्णय भयो ।

**निर्णय नं. १९**

मेचीनगर नगरपालिका वडा नं. १५ को शहिद मार्ग सहितका अन्य वडाका सडकहरु वर्षाका कारण विग्रिई आवत जावत गर्न समेत कठिनाई भएको हुदाँ नगरपालिकाबाट लागत इस्टमेट तयार गरी मर्मत सम्भार कोषको रकमबाट मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

नेपालीहरुको महान चाड विजया दशमी, दिपावली, छैठ र न्यूदया भिन्तुनाको अवसरमा सम्पूर्ण नगरवासीलाई नगरपालिकाको तर्फबाट हार्दिक शुभ कामना व्यक्त गर्ने निर्णय गरियो ।

अन्त्यमा, नगर प्रमुखज्यूबाट आजको वैठकमा उपस्थित सवैमा धन्यवाद ज्ञापन गर्दै वैठक समापन भएको घोषणा गरियो ।